वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २३९ | २०८२ माघ ०२ गते शुक्रबार, नेपाल सम्वत् ११४६ January 16, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## मगर माघे सकराटी पर्व

मगर माघे सकराटी पर्वका अवसरमा नेपाल मगर संघ व्यासनगर समितिले बिहीबार दमौलीमा आयोजना गरेको सॉस्कृतिक झाँकी प्रदर्शनमा कौरा नृत्य प्रस्तुत गर्दै मगर समुदायका युवतीहरू ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# परिवार संरचनामा बालबालिका संख्या निरन्तर घट्दै, जनसाङ्ख्यिक लाभमा जोखिम

अच्युत पुरी/काठमाडौं

नेपालको परिवार संरचनामा बालबालिका (१८ वर्षभन्दा कम) संख्या निरन्तर घट्दै गएको पाइएको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांकमा आधारित रहेर राष्ट्रिय तथ्यांक कार्यालयले निकालेको 'नेपालमा बालबालिकाको अवस्था' विषयक प्रतिवेदन अनुसार परिवारमा बालबालिकाको अनुपात निरन्तर घट्दो छ ।

२०७८ को जनगणना अनुसार नेपालमा कुल ९८ लाख ६९ हजार ५८३ बालबालिका छन् । जुन कुल जनसंख्याको ३४ प्रतिशत हो। २०५८ सालको जनगणना अनुसार जनसंख्यामा बालबालिकाको हिस्सा ४६ प्रतिशत थियो । २० वर्षमा १२ प्रतिशत बिन्दुले बालबालिका संख्या घटेको छ । २०६८ सालमा ४२ प्रतिशत थियो । कार्यालयले गरेको प्रक्षेपणमा २१०८ सालसम्म बालबालिकाको प्रक्षेपित अनुपात २२ प्रतिशतमा सीमित हुने देखिएको छ ।

कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी ढुण्डिराज लामिछानेका अनुसार नतिजाले नेपालमा बालबालिकाको जनसंख्या स्पष्ट घट्दो क्रममा रहेको देखाएको छ। त्यसमा पनि बालबिवाह, गरिबी, आर्थिक सक्रियता, बसाइँसराइ र मानसिक स्वास्थ्यजस्ता चुनौतीसँग बालबालिका जुधिरहनुपरेको समेत देखिएको छ ।

यस्ता चुनौती समाधानका लागि लक्षित, समावेशी र प्रभावकारी नीतिगत हस्तक्षेप अपरिहार्य रहेको प्रतिवेदनको निष्कर्ष छ । बालबालिका संख्या निरन्तर घट्दा नेपाल निकट भविष्यमै अधिक उमेरको जनसंख्या धेरै रहेको मुलुकमा पुग्ने छ । यसले आर्थिक रुपमा सक्रिय जनसंख्या कम हुँदा मुलुकले जनसाङ्ख्यिक लाभ लिनबाट वञ्चित हुने स्पष्ट संकेत देखिएको छ ।

**२९ प्रतिशत परिवारमा एक जना पनि छैनन् बालबालिका**



तथ्याङ्क अनुसार नेपालका ७१ प्रतिशत घरपरिवारमा बालबालिका छन् । कर्णाली प्रदेशमा सर्वाधिक ८१ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ६२ प्रतिशत घरपरिवारमा कम्तीमा एक जना बालबालिका रहेको तथ्याङ्क छ ।

एक चौथाइभन्दा बढी अर्थात् २९ प्रतिशत घरपरिवारमा एक जना पनि बालबालिका नरहेको देखिन्छ । बालबालिका नभएका घरपरिवारको अधिक संख्या बागमती र गण्डकी प्रदेशमा बढी देखिएको छ । यी दुवै प्रदेश मानव विकास सूचकांक उच्च रहेका प्रदेश हुन्। कुल जनसंख्यामा हिसाब गर्दा सबैभन्दा धेरै बालबालिका मधेस प्रदेशमा २४ प्रतिशत र सबैभन्दा कम कर्णाली र गण्डकीमा ७/७ प्रतिशत छ ।

**प्रतिपरिवार बालबालिका संख्या १.५**

तथ्याङ्क अनुसार राष्ट्रियस्तरमा प्रतिपरिवार अहिले १.५ जना बालबालिका छन् । मधेस्मा भने प्रतिपरिवार २.१ जना बालबालिका रहेको तथ्याङ्क छ। बागमतीमा राष्ट्रिय औसतभन्दा पनि कम १.१ प्रतिशत बालबालिका रहेको देखिएको छ ।

राष्ट्रियस्तरमा आधाभन्दा बढी (५३ प्रतिशत) बालबालिका ०.९ वर्ष उमेर समूहको रहेको समेत तथ्याङ्कले देखाएको छ। नेपालका बालबालिकामध्ये ४५ प्रतिशत अतिविपन्न र विपन्न समूहभित्र पर्ने र यसले बालबालिकाको जोखिमजन्य अवस्था इङ्गित गर्ने समेत प्रतिवेदनले औँल्याएको छ।

**बालविवाह कायमै**

तथ्याङ्क अनुसार ५ प्रतिशत बालबालिकाको १६-१७ वर्षको उमेर समूहमा विवाह भइसकेको देखिएको छ । यस्तो दर सबैभन्दा धेरै कर्णालीमा ९ र सबैभन्दा कम बागमतीमा ३ प्रतिशत छ । विवाहित किशोरीमध्ये २६ प्रतिशत कलिलो उमेरमै गर्भवती हुने र ३७ प्रतिशत बालिबालिका मात्र विवाहपछि पनि विद्यालय गइरहेको तथ्याङ्क देखाएको छ । अविवाहितमध्ये पनि ८९ प्रतिशत बालबालिका मात्र विद्यालय गइरहेको देखिएको छ । विवाहितमध्ये ५२ प्रतिशतले विद्यालय छाडेको र ११ प्रतिशत कहिल्यै विद्यालय नगएका बालबालिकाको संख्या छ । विवाहितमध्ये ६१ प्रतिशत बालबालिका आर्थिक रुपले सक्रिय रहेको देखिएको छ।

**बालश्रम झाँगिदै**

तथ्याङ्कले नेपालमा बालश्रम समेत अझ झाँगिदै गएको संकेत गरेको छ । १० देखि १७ वर्ष उमेरमा आर्थिक रुपले सक्रिय बालबालिका संख्या ३२ प्रतिशत छ । त्यसमध्ये पनि १४ वर्षभन्दा कम उमेरका बालबालिका संख्या ३३ प्रतिशत छ। यस्तो संख्या कर्णालीमा सबैभन्दा बढी ४० प्रतिशत छ। आर्थिक रुपले सक्रिय बालबालिकामध्ये चार जनामा तीन भने अतिविपन्न र विपन्न वर्ग समूहभित्रका छन् । यसले गरिबी र सम्भावित बालश्रमतर्फ इङ्गित गरेको प्रतिवेदनमा देखिन्छ ।

देशभरि ३१ हजार ५१२ बालबालिका घरमुलीको रुपमा छन्।

बाँकी तेश्रो पेजमा

# मगर समुदायले मनाए माघे सङ्क्रान्ति पर्व

भञ्ज्याङ समाचारदाता/दमौली

मगर समुदायले आफ्नो प्रमुख सांस्कृतिक चाड माघे सङ्क्रान्ति पर्व विविध कार्यक्रम गरी मनाएका छन् । मगर समुदायको बसोवास र बाहुल्यता रहेका स्थानमा विभिन्न सांस्कृतिक कार्यक्रम गरी यो पर्व मनाइएको छ ।

तनहुँका दशवटै पालिकामा बसोवास गर्ने मगर समुदायले यो पर्व मनाएका छन् । नेपाल मगर संघ व्यासनगर समितिले दमौलीमा वृहत सॉंस्कृतिक झाँकी प्रदर्शन गरी दमौलीमा जारी आदिवासी जनजाति तनहुँ सॉंस्कृतिक एवं पर्यटन महोत्सवमा विशेष सांस्कृतिक कार्यक्रममा मगर समुदायले आपसमा शुभकामना आदान प्रदान गर्दै पुरम्परागत संस्कर संकृतिको संरक्षण गर्नुपर्नेमा जोड दिएका थिए । उक्त अवसरमा सांस्कृतिक कार्यक्रममा मगर जातिको मौलिक संस्कृति झल्किने नाच, वेशभूषा प्रदर्शन गरिएको थियो ।

मगर जातिको राष्ट्रिय सांस्कृतिक पर्वका रुपमा रहेको माघे सङ्क्रान्ति समुदायको पहिचान र परम्परालाई उजागर गर्ने पर्वका रुपमा लिइन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालले माघे सङ्क्रान्तिलाई राष्ट्रिय पर्वको रुपमा सार्वजनिक बिदा दिएपछि समावेशी लोकतन्त्रको केही अंश भए पनि प्रत्याभूत भएको मगर समुदायका अग्रजहरू बताउँछन् । यस पर्वले मगर जातिको पहिचान, सांस्कृतिक सहभागिता, सामाजिक सद्भाव तथा सामुदायिक मानवअधिकार प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

कुल पितृको सम्झनामा यस पर्वमा खिचडी, फलफूल तथा फूलपत्रले पूजाआजा गरिने परम्परा छ । यस अवसरमा छोरीचेलीलाई टीका टालो र मिष्ठान भोजन (खिचडी, घ्यू, तरूल, अदुवा, सेलरोटी, बारा/बटुक, गुड आदि) दान गरी विशेष सम्मानका साथ पुजिने चलन रहेको छ ।



तनहुँको दमौलीमा माघे सङ्क्रान्ति पर्वका अवसरमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने ।

*तस्विर : अश्विन किशोर श्रेष्ठ/भञ्ज्याङ*

# सम्पादकीय ............

www.bhanjyangnews.com

## योग : स्वास्थ्य, चेतना र जीवन व्यवस्थापनको पुनर्जागरण

एघारौँ राष्ट्रिय योग दिवस देशभर विभिन्न कार्यक्रमका साथ मनाइएको छ । उत्तरायण सुरू हुने मकर संक्रान्तिको दिनलाई राष्ट्रिय योग दिवसका रूपमा मनाउने सरकारी निर्णय केवल एक सांकेतिक पर्व घोषणा मात्र होइन, नेपाली समाजलाई आफ्नै मौलिक ज्ञान परम्परातर्फ फर्काउने एउटा महत्वपूर्ण प्रयासका रूपमा पनि लिन सकिन्छ । वैदिक कालदेखि हिमालयको काखमा विकसित योग आज विश्वव्यापी रूपमा स्वीकार गरिँदा नेपालले आफ्नै भूमिमा जन्मिएको यो ज्ञानलाई पुनः आत्मसात् गर्न थालेको सन्देश पनि यो दिवसले दिएको छ । मन्त्रिपरिषद्को विसं २०७२ साउन २८ गतेको बैठकले माघ १ गतेलाई राष्ट्रिय योग दिवस घोषणा गर्दै यसको संयोजनको जिम्मेवारी शिक्षा मन्त्रालयलाई दिएको थियो। तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्री नरहरि आचार्यको प्रस्तावमा भएको यो निर्णयले योगलाई केवल धार्मिक वा साधु–सन्तको अभ्यासका रूपमा होइन, राष्ट्रिय स्वास्थ्य र जीवनशैलीसँग जोड्ने आधार तयार गऱ्यो । तर, दिवस घोषणा मात्रै पर्याप्त होइन, यसको सार्थकता व्यवहारिक कार्यान्वयनमा निर्भर हुन्छ ।

नेपालमा योगको अभ्यास नयाँ होइन । विसं २०३६ देखि उत्तरायणको दिन पारेर योग दिवस मनाउन सुरू गरिएको इतिहास छ । डा हरिप्रसाद पोखरेलजस्ता अभियन्ताको सक्रियतामा योगसँग सम्बन्धित संस्थाहरूले लामो समयदेखि यस क्षेत्रमा योगदान दिँदै आएका छन् । तर विडम्बना के छ भने, वैदिक कालमा ऋषिमुनिहरूले प्रतिपादन गरेको योग आफ्नै जन्मभूमिमा क्रमशः लोपोन्मुख बन्दै गयो। आधुनिक जीवनशैली, उपभोक्तावाद र पश्चिमी चिकित्सा पद्धतिप्रतिको अन्धविश्वासका कारण योगलाई पुरातन र अप्रासंगिक ठान्ने प्रवृत्ति बढ्यो । यद्यपि समय फेरिएको छ । तनाव, अवसाद, दीर्घरोग र असन्तुलित जीवनशैलीले ग्रस्त आधुनिक मानवले पुनः योग र ध्यानको महत्व बुझ्न थालेको छ। रोचक त के छ भने, नेपाली समाजले बिर्सदै गएको योग युरोप र अमेरिकामा उपचार, मानसिक शान्ति र जीवन सन्तुलनको प्रभावकारी माध्यमका रूपमा स्थापित हुँदै गएपछि नेपालमै पनि यसको महत्वबोध बढ्न थालेको हो । विदेशी भूमिमा लोकप्रिय बनेपछि आफ्नै संस्कृतिप्रति आकर्षित हुनु नेपाली समाजको पुरानै मनोविज्ञान हो।

प्राचीनकालमा योग, ध्यान र आयुर्वेद मानव जीवनका अभिन्न अङ्ग थिए। आयुर्वेदिक ग्रन्थ चरकसंहितामा वर्णित सत्वावजय चिकित्सा पद्धति यसको उदाहरण हो, जसले मनलाई नियन्त्रण गरी रोगमाथि विजय प्राप्त गर्ने दर्शन प्रस्तुत गर्छ। अथर्ववेदमा 'योगश्चित्तवृत्ति निरोधः' भनिएको छ भने गीतामा 'योग कर्मसु कौशलम्' भनेर कर्म र योगबीचको सम्बन्ध स्पष्ट पारिएको छ । योग केवल शारीरिक व्यायाम होइन, चेतना, अनुशासन र जीवन व्यवस्थापनको समग्र विज्ञान हो । नेपालमा योग र आयुर्वेदलाई संस्थागत रूपमा अघि बढाउने प्रयास पनि भएका छन्। विसं २०४८ देखि नरदेवी आयुर्वेद अस्पतालमा योग अभ्यास सुरू भयो भने विसं २०५८ देखि दाङको विजौरीस्थित क्षेत्रीय आयुर्वेद चिकित्सालयमा पनि योगमार्फत स्वास्थ्यलाभ गराउन थालिएको छ । नेपाल संस्कृत विश्वविद्यालयको वाल्मीकि विद्यापीठमा योग र प्राकृतिक चिकित्साको औपचारिक अध्ययन–अध्यापन हुँदै आएको छ। प्रवेशिका उत्तीर्णदेखि स्नातकोत्तर तहसम्मका कार्यक्रम स्वीकृत हुनु सकारात्मक पक्ष हो ।

तर यति हुँदाहुँदै पनि योग शिक्षा अपेक्षित रूपमा विस्तार हुन सकेको छैन। विसं २०५१ देखि कक्षा ९ र १० मा इच्छाधीन विषयका रूपमा योग शिक्षा, प्राकृतिक चिकित्सा र आयुर्वेद समावेश गरिए पनि दक्ष जनशक्तिको अभावका कारण प्रभावकारी कार्यान्वयन हुन सकेन । पाठ्यक्रम कागजमा सीमित हुँदा योग राष्ट्रिय जीवनशैली बन्न सकेको छैन । दिवस मनाउने र कार्यक्रम गर्ने क्रम बढे पनि विद्यालय, समुदाय र कार्यस्थलमा नियमित योग अभ्यासको संस्कार अझै कमजोर छ । आजको सन्दर्भमा योग स्वास्थ्यसँग मात्र होइन, कार्यक्षमता, मानसिक स्थिरता र सामाजिक सद्भावसँग पनि जोडिएको छ। जुन मान्छे जहाँ छ, त्यहीँबाट व्यवस्थित रूपमा अघि बढ्ने माध्यम योग हो । पश्चिमी देशले यसलाई 'लाइफ म्यानेजमेन्ट साइन्स' भन्न थालेका छन्। योगभित्र मनोविज्ञान, परामनोविज्ञान र भावातीत मनोविज्ञान समेटिएको तथ्यले यसको वैज्ञानिक आयामलाई थप पुष्टि गर्छ।

यसैले एघारौँ राष्ट्रिय योग दिवसका अवसरमा केवल औपचारिक कार्यक्रम र भाषणमा सीमित नगरी योगलाई शिक्षा, स्वास्थ्य र दैनिक जीवनसँग जोड्ने ठोस नीति आवश्यक छ । विद्यालयदेखि सरकारी कार्यालय, अस्पतालदेखि समुदायसम्म योग अभ्यासलाई प्रोत्साहन गर्ने संरचनागत व्यवस्था आजको आवश्यकता हो। आफ्नै सभ्यताबाट जन्मिएको यो ज्ञानलाई व्यवहारमा उतार्न सके मात्र राष्ट्रिय योग दिवसको औचित्य सार्थक हुनेछ । योग केवल आसन होइन, यो जीवन जिउने कला हो । आजको दिनले यही सन्देश नेपाली समाजमा गहिरोसँग रोप्न सकोस ।

# थाकेको कांग्रेसमा गगनको गियर चेन्ज




अघिल्लो साता यसै स्तम्भमा मैले नेपाली कांग्रेस कसरी प्रजापरिषद्को बाटोमा जान सक्छ भनेर आफ्नो मत राखेको थिएँ। यसैबीच मूलतः जागरूक युवा कांग्रेसहरूले आयोजना गरेको विशेष महाधिवेशन पछि उक्त पार्टीमा नयाँ पुनर्जागरणको युग आउँदै गरेको संकेत देखिन्छ। लामो समयदेखि विवाद, आलोचना र आकर्षणको एउटा केन्द्रका रूपमा रहेका युवा नेता गगन थापा नेतृत्वको समूहले नयाँ कांग्रेस निर्माणको अभिभारा आफ्नो काँधमा लिएको छ। यसले नेपाली राजनीतिका पछिल्ला कतिपय संकथनलाई बदलेको छ र बदल्ने छ। आजको आलेखमा यसका अर्थ र प्रभावका आयामबारे प्रारम्भिक चर्चा गरिने छ।

**नवजागरणको उद्घोष**

मंसिर २७ गते भृकुटीमण्डपको एउटा खुला सभामा जे हुँदैथियो, त्यसले नेपालको राजनीतिक इतिहासको एउटा अध्यायको पाना सकिएर अर्को अध्याय सुरू भएको जनाउ घण्टी बजाइरहेको थियो। कांग्रेस इतिहासको पहिलो विशेष महाधिवेशनका सहभागी वृद्ध नेता ओमकार श्रेष्ठ र पहिले नाम नसुनिएकी जेनजी पुस्ताकी करूणा कटुवालसम्मले राजनीतिको रंगमञ्चमा अर्को पर्दा उघ्रँदै गरेको र नयाँ पात्रहरु प्रवेश गर्दै गरेको सूचना दिन्थे। त्यो थियो नेपाली कांग्रेसको विशेष महाधिवेशनको उद्घाटन सत्र। यसले कांग्रेसको अनुहारमा लागेको धुलो टक्टकाउने र मूर्च्छित पार्टीलाई जीवन दिने नयाँ प्रयास गरिरहेको थियो।

समकालीन नेपाली राजनीतिमा दुई पटक नेतृत्व परिवर्तनको लागि ठूलो आवाज उठेको छ। पहिलो पटक २०५७ देखि २०६१ सम्म यस्तो आवाज उठेको थियो। गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, शेरबहादुर देउवा, खुमबहादुर खड्का, गोविन्दराज जोशी, कृष्णप्रसाद भट्टराई, कमल थापा, सूर्यबहादुर थापा, वामदेव गौतम र केपी ओली तथा केही मधेशी नेताहरु आम मान्छेको निशानामा थिए। आर्थिक उदारीकरणका नकारात्मक झट्काहरूको प्रभाव, कांग्रेसले आरम्भ गरेर निरन्तरता पाएको दलीयकरणमाथिको आक्रोश र '३६ से' प्रकरण यसका आरम्भिक विन्दु थिए, जसले निराशा र आक्रोश जन्माइदिएका थिए।

गणेशमानको विद्रोह, कृष्णप्रसाद भट्टराईमाथि गिरिजाले गरेको ज्यादती र अपमान, देउवाले आफ्नो कुर्सी बचाउन प्रयोग गरेको सांसद खरिद–बिक्री, बैंकक प्रकरण, प्राडो–पजेरो काण्डले कांग्रेसलाई बदनाम गराएका थिए। सुरासुन्दरी काण्डमा एमाले पनि चर्चामा थियो। एमाले र कांग्रेस बीच पञ्चायती नेताहरूलाई शिरमा राखेर पुज्न भएको प्रतिस्पर्धा तथा माओवादीको बढ्दो गतिविधिबाट समेत प्रभावित आम नागरिकले राजनीतिक दलको नेतृत्व परिवर्तनको माग गर्न थालेका थिए।

नेताहरु बदनाम भएकाले ज्ञानेन्द्र विरोधी आन्दोलनका समयमा सात दलको अपिलमा सात सय मानिस उपस्थित नहुने अवस्था आएको थियो। तर ज्ञानेन्द्रले अधिनायकवादी शासनको अभ्यास गर्न थालेपछिको समयमा भने आम नागरिकले सुध्रन चेतावनी दिँदै उनै नेताहरूलाई स्वीकार गरे र जनआन्दोलनमा सामेल भए। संकटकालको अन्त्य, हिंसाबाट मुक्ति र गणतन्त्रको स्थापनाका शर्तमा नागरिकले त्यतिबेलाका नेताहरूलाई माफी दिएका थिए। नेताहरूको सत्तामोह र कुशासनको बाङ्गो पुच्छर भने २०६३ पछि पनि सोझिएन।

यो माग दोस्रो पटक २०७७ मा तत्कालीन नेकपामा देखिएको विभाजन र सत्तासंघर्षका क्रममा फेरि बलियो भएर आयो। दुई–दुई पटक संसद् विघटन, संविधानको स्वार्थपूर्ण झेली व्याख्या, संवैधानिक निकायहरु र न्यायालयको समेत दुरूपयोगको चर्चा र कुशासनका कारण त्यसयता खासगरी एमाले अध्यक्ष ओली, कांग्रेस सभापति देउवा र माओवादी अध्यक्ष प्रचण्ड, माधवकुमार नेपाल, वामदेव गौतम सहित पुरानो पुस्ताको नेतृत्व परिवर्तनको आवाज जोडदार रूपमा उठ्न थालेको थियो। यसलाई उनीहरूका बीच चलेको गठबन्धनहरु बन्ने–भत्कने 'म्युजिकल चेयर'को खेलले थप उकास्ने काम गरेको थियो।

आरम्भमा यसलाई युवाहरुको सक्रियतामा काठमाडौं महानगरको निर्वाचनमा बालेन शाहको पक्षमा व्यक्त जनमतले ठोस अभिव्यक्ति दिएको थियो। लगत्तै संसदीय निर्वाचनमा रास्वपाले ल्याएको अनपेक्षित मत र पाएको समर्थनमा पनि यही आक्रोश र निराशा व्यक्त भएको थियो। तर कांग्रेस, एमाले र माओवादीले समयको यो चापलाई बुझ्न ढिलो गर्दै गए। पछिल्लो संसदीय निर्वाचनपछि थप वाक्क लाग्दा खेलहरु खेलिए। त्यसप्रतिको आक्रोशको चरम अभिव्यक्ति भदौ २३ र २४ का दिनहरूमा सडकमा व्यक्त भयो।

यसका पछाडि लुकेर गरिएको लुटपाट र ध्वंसको आलोचना गर्दै गर्दा सडकमा उत्रेका लाखौं नरनारीको असन्तोष कसका कारणले सिर्जिएको थियो र कसप्रति लक्षित थियो भन्ने बिर्सनु कृतघ्नता ठहरिन्छ। प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन दुई ठूला दलको गठबन्धनको सरकार र कांग्रेस तथा एमालेको नेतृत्व यसका लागि मुख्य जिम्मेवार थियो र २३ गतेको बर्बर गोली प्रहार तथा युवाहरूको हत्याको लागि पनि यही पक्ष दोषी थियो (इतिहासमा यो रगतको अक्षरले लेखिइसकेको छ) ।

तर त्यसपछि पनि न केपी ओली न त एमाले, न शेरबहादुर न त कांग्रेसले इतिहासमा आफूले गरेको गल्ती स्वीकार गरे। गगनहरूको विद्रोहलाई त्यही सन्दर्भमा लिनुपर्छ, जसलाई उनीहरूले विशेष महाधिवेशनका प्रतिनिधि समक्ष पेश गरेका दस्तावेज र प्रस्तावहरूले मुखरित गरेका छन्। गगनहरूले गरेको यो विद्रोहलाई इतिहासले समय चेतना अनुसार गरेको हस्तक्षेपका अर्थमा लिनेछ र त्यसलाई गलत साबित गर्ने प्रयासहरु किनारामा धकेलिने छन्।

यो विद्रोह यही जटिल घुम्तीमा पुग्दा पनि नगरेको भए गगनहरूको पनि समय सकिने थियो, फेरि नफर्कने गरी। गगनहरु सकिएर देशलाई के नोक्सान हुन्थ्यो या हुन्नथ्यो अलग हिसाबको विषय हो तर देउवाहरूको नेतृत्व कायम रहँदा देश थप बर्बादी र थप उग्र भदौ २४ का शृत्तलाबद्ध पुनरावृत्तितिर जाने निश्चित थियो, छ। यस मानेमा गगनहरूलाई यो विद्रोहका लागि बधाई दिनुपर्छ । विशेष महाधिवेशनबाट उनी अध्यक्ष निर्वाचित हुँदै गर्दा संस्थापन पक्षले उनी सहित अर्का नेता विश्वप्रकाश शर्मा र सहमहामन्त्री फर्मुल्लाह मन्सुरलाई पनि पार्टीबाट पाँच वर्षका लागि निष्कासन गरेको छ र दल विभाजनको औपचारिक घोषणा गरेको छ। कानुनी प्रश्नहरूको निरूपण निर्वाचन आयोग र अदालतले नै गर्लान् तर राजनीतिक वैधानिकता विशेष महाधिवेशन पक्षमा रहने छ ।

**गगनको वैचारिक पक्ष**

गगन थापा नेपाली राजनीतिका नयाँ पात्र होइनन्; अहिले आफूलाई प्रमाणित गरेका मात्र हुन्। नेतृत्व विरूद्धको विद्रोहपछि नवीकृत भएका हुन्। नेविसंघको महामन्त्रीका रूपमा युवा विद्यार्थीमाझ आफ्नो परिचय बनाएका गगनको सार्वजनिक राजनीतिक छवि नरहरि आचार्य र कृष्ण खनालहरूसँगै तत्कालीन राजनीतिक प्रश्नहरूको बारेमा लिएका अडानबाट भएको हो।

उतिबेला गिरिजाप्रसाद कोइरालाले गुरू घिमिरे समेत यिनलाई गणतन्त्रका पक्षमा आवाज उठाएकोमा निलम्बन गरेका थिए। प्रतिगमन विरोधी आन्दोलनका उनी एक जना 'पोस्टर ब्वाई' थिए। उनको स्पष्ट विचार र भिन्न युवा व्यक्तित्वका कारण मिडियाले पनि उनलाई हाईहाई गरेको थियो। यिनले त्यसयता कांग्रेसको नयाँ पुस्ताको शक्तिशाली प्रतिभाका रूपमा आफ्नो छवि बनाइरहेकै थिए। यतिबेला, जेनजी आन्दोलनका आधारभूत प्रश्नहरूप्रति समर्थन जनाउँदै आफ्नो दलका तर्फबाट भए–गरेका गल्ती स्वीकार गर्न तयार भएर उनले एउटा विद्रोही, एउटा विचारशील र समयको चाप बुझ्न सक्ने नेताको छवि बनाएका छन्। उनका राजनीतिक मान्यता र कतिपय शैली तथा खास मुद्दामा उनले लिने अडानमा विमति राख्न त सकिन्छ तर अहिलेको नेपालका राजनीतिज्ञहरूमा उनी एक जना अब्बल सम्भावना बोकेका नेता हुन् भन्ने कुरामा विमति राख्न सकिन्न।

यसपालि गगनले उठाएको जोखिमले

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
कार्यक्षेत्रमा नयाँ जिम्मेवारी र आत्मविश्वास बढ्नेछ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ।

**वृष**
अड्किएका काम पूरा हुने संकेत छन्। खर्च बढ्न सक्छ, तर आवश्यक काममै हुनेछ। यात्राबाट लाभ मिल्न सक्छ।

**मिथुन**
अध्ययन, लेखन वा सञ्चार सँग सम्बन्धित कार्यमा सफलता मिल्नेछ। मित्र सहयोगी रहनेछन्।

**कर्कट**
पारिवारिक वातावरण सुखद रहनेछ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन्। कार्यक्षेत्रमा सम्मान प्राप्त हुने योग छ।

**सिंह**
नेतृत्व क्षमता प्रकट हुने दिन हो। सामाजिक कार्यमा संलग्नता बढ्नेछ। आत्मसम्मानमा वृद्धि हुनेछ।

**कन्य**
निर्णय लिन हतार नगर्नुहोस्। काममा ढिलासुस्ती हुन सक्छ। धैर्य राखेमा सकारात्मक परिणाम आउनेछ।

**तुला**
साझेदारीका काममा सफलता मिल्नेछ। कलात्मक तथा सिर्जनात्मक क्षेत्रमा प्रगति देखिनेछ।

**वृश्चिक**
आज मेहनतको फल प्राप्त हुने दिन छ। चुनौतीपूर्ण काममा सफलता मिल्नेछ। गोप्य योजनाहरु सफल बन्न सक्छन्।

**धनु**
भाग्यको साथ मिल्नेछ। शिक्षा, परीक्षा वा प्रतिस्पर्धात्मक क्षेत्रमा सफलता मिल्ने संकेत छ। यात्राको योग रहेको छ।

**मकर**
कार्यभार बढ्न सक्छ, तर व्यवस्थापन गर्न सकिनेछ। वरिष्ठको सहयोग प्राप्त हुनेछ।

**कुम्भ**
नयाँ सोच र योजनाले लाभ दिलाउने दिन छ। मित्र तथा सहकर्मीको सहयोग मिल्नेछ। सामाजिक प्रतिष्ठा बढ्नेछ।

**मीन**
धार्मिक वा ध्यानात्मक गतिविधितर्फ रूचि बढ्नेछ। खर्च बढ्न सक्छ, तर मानसिक सन्तुष्टि मिल्नेछ।

# थाकेको कांग्रेसमा गगनको ........

उनको उचाइ मात्र उठाएको छैन, बरु यसले कांग्रेसमा नयाँ पुनर्जागरणको युग ल्याउने छ। यसका दूरगामी प्रभावहरु लामो समय नेपालले अनुभव गर्नेछ। महाधिवेशनमा पेश गरेको प्रतिवेदन हेर्दा उनले आफूलाई सनातनी कांग्रेस भन्दा खासै भिन्न नदेखाउन खोजे पनि पार्टीको चौधौं महाधिवेशनबाट नै गगनले आफूलाई बीपीको वैचारिक लिगेसीबाट मुक्त गर्ने प्रयास गरेका हुन्। उनले बीपीसँग गर्न खोजेको 'डिपार्चर' चाहिं समाजवादबाट मुक्त कांग्रेसको खोजी हो। सामाजिक न्यायसहित सामाजिक प्रजातन्त्रलाई उनले आफ्नो गन्तव्य बनाउन चाहेका छन्।

यसको अर्थ उनी उदारवादी राजनीतिक दर्शनको पक्षमा छन् भन्ने लाग्छ। मार्क्सवादबाट 'डिभोर्स' खोजेका छन्। यसले नेपालमा भत्गर हुँदै र क्लिसे बन्दै गएको र स्वयं कांग्रेसका लागि बोझ बनेको 'प्रजातान्त्रिक समाजवाद'माथि न्याय गर्नेछ । लोकतन्त्र र बहुलवादप्रति प्रतिबद्धता, प्रचलित लोकतन्त्रलाई थप उदार (लिबरल), थप उन्नत र समावेशी तथा डेलिभरी दिने लोकतन्त्रका रुपमा विकसित र रुपान्तरित गर्ने प्रतिबद्धता उनले गरेका छन्। संवैधानिक उदारवाद, बहुलवाद र समावेशीकरणलाई उनले जोड दिएका छन्। यसले नेपाललाई बहुसंस्कृति र विविधतायुक्त समाजका रुपमा स्वीकार गर्दै त्यसको प्रतिविम्ब राज्यका निकाय र संवैधानिक राजनीतिक अङ्गहरुमा हुनेछ भन्ने स्पष्ट व्याख्या खोज्छ।

यसरी मात्र नेपाललाई गतिशील लोकतन्त्रमा लैजान सकिन्छ। उनले बहुलवाद र धार्मिक स्वतन्त्रताको पक्षमा आफूलाई उभ्याएका छन्। यी प्रतिबद्धताहरूले उनलाई नेपालको राजनीतिमा उदारवादी खेमाको नेताका रुपमा उभ्याउने छ। यसले कम्युनिस्टहरुसँग स्पष्ट वैचारिक भिन्नता र ध्रुवीकरणको माग गर्छ।

**गगनले अघि सारेको समाधान**

दस्तावेज र प्रस्तावलाई आधार बनाएर हेर्दा गगनहरूले खासमा जेनजी आन्दोलनका मर्महरूलाई आत्मसात् गरेका छन् र स्वीकार गरेका छन्: हो हामीबाट गल्ती भएकै थियो, हामी आत्मालोचना गर्दै सच्चिने कसम खान्छौं। यसो भनेको मूलतः शासकीय शैलीमा सुधार, कानुनको शासन, सत्तालिप्त मानसिकताबाट मुक्त नेतृत्वको खोजीलाई समर्थन गर्नु हो। नेपालभित्र सम्भावनाहरु छन् र हामी त्यसलाई सार्थक बनाउँछौं भनेर कसम खानु हो।

देउवा नेतृत्वको संस्थापन पक्षले गगनहरूलाई कारबाही गरेर र विशेष महाधिवेशन बोलाउनै पर्ने वैधानिक व्यवस्था अस्वीकार गरेर लोकतन्त्रमाथि ठट्टा गरेको मात्र होइन, भदौ २३ गते सडकमा बगेको नेपाली युवा-युवतीको रगतको अपमान गरेको हो। कांग्रेसको मुख्य नेतृत्व यसैमा चुकेको हो र समाजलाई निराशामा कैद गर्ने ध्वाँस दिएको हो। गगनले म नेपाली समाजको नेतृत्व गर्छु, नेपाली नागरिकका आकाङ्क्षाहरूको नेतृत्व गर्छु भनेर दाबी गरिरहँदा उनको सम्पूर्ण राजनीतिक व्यक्तित्वको स्वीकार्यता र वैधानिकता यसै उद्घोषमा अन्तर्निहित छ।

नेकपा एमालेको हालै सम्पन्न महाधिवेशन यस मामिलामा चुकेको छ र आफूलाई यथास्थितिवादको रक्षकका रुपमा उभ्याएको छ। म अचम्मित हुन्छु, मेरा सहकर्मी र नेता कमरेडहरु जो कठिन समयमा, किशोरवयमै विद्रोहको राँको बालेर समाज रुपान्तरणको पक्षमा हिंडेका थिए, यति छिटै समयभन्दा पछि फर्केर किन दौडिरहेका छन्? के सत्ताको लतले मान्छेलाई यति खराब बाटोमा लान्छ? इतिहास चेत भएका ऐतिहासिक भौतिकवादका अनुयायीहरु यसरी स्थिरता र जडताको पक्षमा कसरी उभिन सकेका? कसरी युवा विद्रोहलाई पञ्चायती दरबारको भाषा पैंचो मागेर विदेशी चलखेल भनेर दोषारोपण गर्न सकेका?

गगनले इतिहासका कमजोरीहरूको जिम्मेवारी लिएका छन्, माफी मागेका छन् र सारा युवाका आक्रोश र प्रश्नहरूको सामना गर्ने हिम्मत गरेका छन्। समयले खास अवस्थामा माग गर्ने नेताका रुपमा उनले आफूलाई उभ्याएका छन्। गगनहरूको विद्रोहले देउवा युगको अन्त्य गर्नेछ। यससँगै सत्ता समीकरण, दलीयकरण, नागरिकहरुको अभिमतमाथि खेलबाड, डेलिभरीबाट विमुख, कुर्सीको खेलबाहेक अन्य कुरा नदेख्ने, गुट चलाउने डिमेन्सियाग्रस्त अटेरी नेतृत्वले बाटो छोड्न बाध्य हुनेछ।

अवश्य पनि यसले नेकपा र नेकपा एमाले जस्ता दलमा रुपान्तरण खोजिरहेका युवाहरूलाई प्रोत्साहित गर्नेछ। त्यसका परिणाम समयक्रममा देखिने छन्। राजनीतिमा जमेको फोहोर पोखरी खुलेर सफा हुने क्रम आरम्भ भएको छ।

**कानुनी झमेला र निर्वाचन**

यो विद्रोहलाई वैधानिकता दिनुपर्ने दुई वटा पक्ष भने अनिश्चित बनेका छन्। पहिलो, पार्टीको नाम, झन्डा र चुनाव चिह्नको स्वामित्वमा आजैबाट सुरू हुने कानुनी संघर्ष। गगन पुस्ताको विद्रोहबाट सीमान्तमा धकेलिएको र राजनीतिक वैधानिकता गुमाएको देउवा पक्ष निर्वाचन आयोगमा गएर प्राविधिक वैधता खोज्ने प्रयासमा लागेको छ। गगनलाई यो चुनौती चर्को पर्ने निश्चित छ । अर्को वैधानिकता दिने भनेको निर्वाचनले हो। ६ दिन पछि नै प्रत्यक्षतर्फको निर्वाचनमा उम्मेदवार दाखिला गर्नुपर्ने भएकोले समय अत्यन्त कम छ। निर्वाचन आयोग २०७७ मा नेकपा विवादको समयमा जस्तो पक्षधरतामा फसेन भने मात्र यसले सहज निकास पाउने छ। यो जटिलताले गगनहरूलाई केही मनोवैज्ञानिक दबाबमा धकेल्ने छ। उनीहरूले लामो बाटो तय गर्नुपर्ने सम्भावना पनि छ। अवश्य पनि यो स्थापनाकालीन कांग्रेस नेतृत्वले वैयक्तिक जीवनमा आइपर्ने कठिनाइ र जोखिम उठाउन गरेको साहस भन्दा अलि कम चुनौतीपूर्ण हुनेछ।

**वर्गीय आधार र सम्भावित ध्रुवीकरण**

पार्टीको वैधानिकता गगनको हातमा जानेछ भन्ने विश्वाससहित केही कुरा गरौं। अबको नेपाली कांग्रेस कुन वर्गमा आधारित हुनेछ? के यसले आम नेपाली नागरिकको साझा नेपाल, साझा समृद्धि, साझा उन्नयनको बाटो लिनेछ? या कुन वर्गको पक्षमा उभिनेछ? कसको सेवा गर्नेछ ?

मूलतः मध्यम वर्गका मतदाताको शक्ति एमालेसँग सेयर गर्दै बुर्जुवा वर्गको सेवा गर्दै आएको पार्टी हो नेपाली कांग्रेस। यसले २०१५ सालमा बीपीको नेतृत्वमा लिएका नीतिहरु सामन्तवादको समाप्ति र पूँजीवादका लागि सहज बाटो बनाउनमा केन्द्रित थिए। भूमिसुधार तथा अन्य सामाजिक सुधारको पक्षमा उभिएको कांग्रेसका नीतिहरूलाई समाजवादी विचारधाराले प्रभावित गरिरहेका थिए।

२०४८ साल पछिको कांग्रेसले समाजवादबाट आफ्नो ध्यान हटायो र नवउदारीकरणका माध्यमबाट बुर्जुवा वर्गको उत्थानमा सहयोग गर्ने नीति अवलम्बन गर्न पुग्यो। मध्यम वर्गीय ग्रामीण मतदाता पनि कांग्रेसका साझा जनाधार भएकाले उसका नीतिले तल्लो वर्गको पक्षमा केही निर्णयहरु लिएको भए पनि मूलतः ठूलो बुर्जुवा वर्ग र दलाल पूँजीपति वर्गको सेवा कांग्रेसका नीतिहरूको सारमा थियो। 'क्रोनीहरु' कांग्रेस र एमालेका बीचमा विभाजित थिए, कतिपय त साझा पनि थिए। अरु वर्गका मतदातामा जस्तै ठूलो बुर्जुवा वर्गको 'कन्स्टिच्युयन्सी'मा एमाले र कांग्रेसको तानातान छ।

भृकुटीमण्डपमा जम्मा भएका गैरसरकारी कांग्रेसीहरूलाई हेर्दा यो नेपालको सानो र मझौला पूँजीपति वर्गको पार्टी हो जस्तो देखिन्छ। पूँजीवादी उत्पादन प्रणालीसँग जोडिएको र त्यसका लागि पुरानो सामन्तवादी युगको उत्तराधिकारमा प्राप्त भूमिबाट उठेको (जागिर खाएर या व्यापार व्यवसाय गरेर) शहरिया पूँजीपति (बुर्जुवा) वर्ग र धनी किसान जगमा रहेको ग्रामीण उच्च मध्यम वर्ग नै कांग्रेसको जनाधार हो भन्ने मेरो अल्पसमयको अब्जर्भेसनको निष्कर्ष हो । उदीयमान रास्वपाले पनि मूलतः उदारवादलाई नै आफ्नो मुख्य वैचारिक धार बनाएको सन्दर्भमा नेपालमा बुर्जुवा वर्गका दुई दलहरु बन्ने र बुर्जुवा वर्गका दुई समूहका बीच एउटै 'स्पेस'का लागि प्रतिस्पर्धा हुने सम्भावना बढाइदिएको छ।

बुर्जुवा वर्गको एउटा हिस्साको प्रतिनिधित्व गर्दै आएको तथा आफ्ना नीतिहरूका माध्यमबाट उपल्लो बुर्जुवा वर्गको उत्पादन पनि गर्दै आएको नेकपा एमाले यो प्रतिस्पर्धाबाट बाहिर धकेलिन सक्छ। आरम्भमा कांग्रेस, एमाले र रास्वपाका बीच यो वर्गको प्रतिनिधित्वका लागि प्रतिस्पर्धा हुनेछ। यसपटकको निर्वाचन पछि नेतृत्वमा दाबी गुमाउनेले ठुलो बुर्जुवा वर्गको समर्थन गुमाउनेछ । धेरै सम्भावना के छ भने एमाले सानो हैसियतको उद्यम गरिखाने बुर्जुवा वर्ग र शहरिया मध्यम वर्ग तथा ग्रामीण एलिट र निम्न पूँजीपतिहरूको पार्टीमा बदलिने छ। विचारधारात्मक रुपमा आफ्नो भागमा परेको यो ग्राउन्ड अनुकूल नीति बनाउन सके एमालेले वामपन्थी राजनीतिको झन्डा फेरि बोक्न सक्थ्यो। यसो हुनसके देशको समग्र राजनीति विचारधारात्मक ध्रुवीकरणतिर लाग्न सक्छ। यो हाम्रो लोकतन्त्रको भविष्यका लागि पनि सकारात्मक नै हुनेथियो।

**रुपान्तरणका लागि दबाब**

गगनको नेतृत्वमा कांग्रेसले लिने नीतिले नेपालको राजनीतिलाई थप गतिशील बनाउने निश्चित छ। यसको दबाब अहिले नै एमाले, नेकपा र रास्वपा जस्ता दलमा पर्नेछ। निर्वाचनको मुखैमा कांग्रेसको नेतृत्वमा परिवर्तन आएको, यसले उक्त दललाई आन्तरिक रुपमा विभाजित गरिदिएको र विभाजित भएर चुनावमा जाने भएकोले निर्वाचनमा गगनको नेतृत्वबाट कांग्रेसले पर्याप्त फाइदा नउठाउन सक्छ । कांग्रेसमा जुन पुनर्जागरण आएको छ र गगनप्रति गैरकांग्रेस सहित नागरिक समाजको जुन अपेक्षा छ, त्यसले कांग्रेसलाई नवजीवन दिनेछ। सँगै समाजमा एउटा आशावाद जगाउने अनुमान गरिएको छ। अन्ततः यसको बेनिफिट पनि कांग्रेसले ढिलोचाँडो हात पार्नेछ।

**बासी संकथनको सहारा**

पुस २८ गते भृकुटीमण्डपमा विशेष महाधिवेशन चलिरहेका बेला भएका आन्तरिक भेटघाटमा देउवाले गगनहरुलाई बाह्य शक्तिले चलाइरहेको आक्षेप लगाएछन्। 'हामी संकटमा छौं। पार्टी मात्र नभएर देश नै बचाउनुपर्नेछ। अरु नै शक्ति लागेको भए पार्टी फुट्छ, अन्यथा फुट्छ जस्तो लाग्दैन। अरु नै लागेका हुन् भने त के मिलाउलान् र !' देउवाका अन्तरङ्ग बैठकका भनाइ भन्दै नयाँ पत्रिका दैनिकले लेखेको छ। यसको अर्थ गगनहरूको विद्रोहलाई विदेशी शक्तिकेन्द्रको चलखेलका रुपमा बदनाम गर्ने प्रयास हुनेछ।

यसले देखाउँछ देउवा निकै बासी भइसकेका 'क्लिशे' आक्षेपहरूका माध्यमबाट समाजको गतिशीलताले माग गरेको रुपान्तरणका आवाज र चेतनालाई रोक्न चाहन्छन्। यस्तै आरोप सामान्यतया वामपन्थी समूहहरूले भदौ २३ र २४ का घटनाका सन्दर्भमा लगाउने गरेका छन्।

सिनो भएको ठाउँमा औंसा हाल्न जताबाट पनि हरियो झिंगा आइहाल्छ नै। सिनो बेलैमा थान्को नलगाउँदा उत्पन्न हुने समस्याका लागि झिंगालाई दोष दिनु कत्ति पनि तर्कसंगत हुने छैन। आफूभित्रका भिन्न विचारलाई निषेध गर्ने यो पञ्चायती ओखतीले काम गर्न छाडेको धेरै भयो। म देउवा समूह र एमाले नेतृत्वलाई पनि आफ्ना कमजोरी छोप्न अरुलाई आरोपित गर्ने परम्पराबाट मुक्त हुन अनुरोध गर्छु। यदि कुनै शक्ति केन्द्र यसका पछि छ भन्ने प्रमाणित गर्न सक्ने भए खुलेर त्यसको विरोध गर्न सक्नुपर्छ।

विश्व राजनीतिमा आइरहेको र ल्याइँदै गरेका अनेक झन्झावातका सम्मुख उभिएका छौं हामी। इरान, भेनेजुएला अनेक अरु देशका घटना असामान्य अवस्थातिर संकेत गर्छन्। चुनौतीहरूसँग जुध्न गर्नुपर्ने पहिलो काम देशलाई एकताबद्ध पार्नु, युवाहरूमा आशावाद जगाउनु र आर्थिक रुपले समुन्नत बनाउनु हो। परीक्षित नेतृत्वबाट यस्तो अपेक्षा गर्नु मूर्खता मात्र हो।

जसले युवाहरूलाई विश्वास गर्दैन त्यसले अर्को कुनै तत्त्वलाई स्पेस खाली गरिदिनेछ। गगन र उनको पुस्ताले गरेको यो साहस र हस्तक्षेपका लागि उनीहरूलाई बधाई। नयाँ नेताका रुपमा गगनलाई बधाई तथा सफलताको लागि शुभकामना ! आफ्ना वैचारिक मान्यताका कारणले कांग्रेस र गगनका विचार र दृष्टिकोणमा मेरा असहमति छन् तर म उनलाई 'बेनिफिट अफ डाउट' दिन्छु। हामीले आशा गरिएका एक जना नेताबाट निराश हुनु नपरोस् । अनलाइनखबरबाट

# परिवार संरचनामा ........

यो ०.५ प्रतिशत हो । कुल बालबालिकामध्ये १ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको देखिएको छ । २०७८ सालको जनगणना अनुसार एक चौथाइ बालबालिकाको जन्मदर्ता नै नभएको पाइएको छ । यो प्रवृत्ति सहरी क्षेत्रमा अधिक छ । यसो हुनुमा बालबालिकाका लागि उपलब्ध अनुदान हो । सोहीकारण कर्णाली र सुदूरपश्चिममा जन्मदर्ता दर अधिक छ ।

**बसाइँसराइ मारमा बालबालिका**

तथ्याङ्क अनुसार ७७.९ प्रतिशत बालबालिका आमा र बाबु दुवै जनासँगै बसिरहेको देखिन्छ। आमासँग मात्र बसिरहेका बालबालिका १७ र बुबासँग मात्र बसिरहेका बालबालिका १ प्रतिशत छन् । बालबालिकाको स्वदेश भित्रैको बसाइँसराइ दर १२ प्रतिशत छ । बागमतीमा यो सबैभन्दा धेरै १३ र मधेसमा सबैभन्दा कम १० प्रतिशत छ । बसाइँसराइ गरेका बालिबालिकाको ठूलो हिस्सा अर्धसहरी इलाकामा बढी (६६ प्रतिशत) देखिएको छ। अतिसम्पन्न र सम्पन्न परिवारमा बसाइँसराइ अधिक रहेको समेत तथ्यांकले देखाएको छ ।

**विद्यालय कति जान्छन् ?**

देशभरि औसत ९० प्रतिशतभन्दा अधिक बालबालिका विद्यालय गइरहेको र १० प्रतिशत विद्यालय बाहिर रहेको देखिन्छ । मधेसमा भने ८१ प्रतिशत बालबालिका मात्र नियमित विद्यालय जाने समूहमा परेका छन् । निरक्षर बालबालिका संख्या देशभरि ६ प्रतिशत छ । मधेसमा १४ प्रतिशत छ ।

**बालबालिकामा आत्महत्याको डरलाग्दो प्रवृत्ति**

स्वास्थ्य सुविधा र बालमृत्युमा समेत राज्यले गम्भीर कदम चाल्नुपर्ने अवस्थातर्फ प्रतिवेदनले संकेत गरेको छ । नेपालमा स्वास्थ्य सुविधा उपलब्धता एकसमान छैन। नेपालमा बालबालिकाको मृत्युमध्ये बालिका मृत्युको कारणमा ६ प्रतिशत हाराहारी आत्महत्या छ। बालकतर्फ ३ प्रतिशत यस्तो कारण देखिएको छ ।

गण्डकीमा सबैभन्दा धेरै ४ प्रतिशत र अन्य प्रदेशमा २ प्रतिशत बालमृत्युको कारण आत्महत्या देखिएको छ । यसले सम्बन्धित निकायको हस्तक्षेपकारी नीतिको आवश्यकता औंल्याएको प्रतिवेदनमा उल्लेख छ । अनलाइनखबरबाट

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।





## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**माघ ०२ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**माघ ०३ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ट **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

# मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



## भञ्ज्याङ दैनिक पत्रिका नआएमा

फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।

www.bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ माघ ०२, शुक्रबार
January 16, 2026



**मकर स्नान :** तनहुँको पवित्रधार्मिक तिर्थस्थल देवघाटधाममा मकर स्नान गर्दै भक्तजनहरू । मुक्तिनाथ (दामोदरकुण्ड)बाट बग्दै आएकी कालीगण्डकी र गोसाइँकुण्डबाट बग्दै आएको त्रिशूली नदी मिसिएको स्थान देवघाटको बेनीमा माघेसंक्रान्ति स्नान गर्न लाखौंको संख्यामा भक्तजनहरू पुग्ने गर्दछन् । देवघाटमा माघेसंक्रान्ति स्नानका लागि स्वदेश तथा विदेशबाट समेत धार्मिक पर्यटकहरू आउने गर्दछन् । *तस्बिर : भञ्ज्याङ*

# बन्दीपुर अस्पतालमा रेबिज भ्याक्सिन सेवा पुनः सञ्चालन, विपन्नलाई निःशुल्क व्यवस्था

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

तनहुँको बन्दीपुर गाउँपालिकाको बन्दीपुर अस्पतालमा लामो समयदेखि अभाव हुँदै आएको रेबिज भ्याक्सिन सेवा पुनः सञ्चालनमा आएको छ । अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयअनुसार रेबिज भ्याक्सिन सेवा पुनः उपलब्ध गराइएको हो ।

अस्पतालमा विगत लामो समयदेखि रेबिज भ्याक्सिन उपलब्ध नहुँदा सेवाग्राहीहरूलाई निकै असहजता हुँदै आएको अस्पतालका प्रमुख डा. अनिल गिरीले बताए । उनले भने, 'यस सम्बन्धमा बन्दीपुर अस्पतालले पटक–पटक गाउँपालिका, जिल्ला तथा प्रदेशस्तरीय सरोकारवाला निकायहरूमा अनुरोध तथा पत्राचार गरे पनि समयमै भ्याक्सिन उपलब्ध हुन सकेको थिएन ।'

यसैबीच बन्दीपुर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले सम्बन्धित निकायबाट रेबिज भ्याक्सिन निःशुल्क प्राप्त भएको अवस्थामा निःशुल्क रूपमा र निःशुल्क रूपमा उपलब्ध नभएको अवस्थामा सेवा निरन्तरताका लागि लागत (न्यूनतम) शुल्क लिई रेबिज भ्याक्सिन सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको अस्पतालका प्रमुख डा. गिरीले बताए ।




उनका अनुसार रेबिज एक घातक रोग भएकाले उपचारमा ढिलाइ हुन नदिन सेवा निरन्तरता आवश्यक ठानेर उक्त निर्णय गरिएको हो । 'निःशुल्क भ्याक्सिन समय–समयमा उपलब्ध नहुँदा सेवाग्राहीहरु निजी अस्पताल वा टाढाका स्वास्थ्य संस्थामा जान बाध्य थिए' डा. गिरीले भने, 'अब आपत्कालीन अवस्थामा पनि स्थानीय स्तरमै सेवा पाउने व्यवस्था गरिएको छ ।'

अस्पतालले रेबिज भ्याक्सिन सेवा स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत नपर्ने स्पष्ट पारेको छ। तथापि, अस्पताललाई निःशुल्क रूपमा भ्याक्सिन प्राप्त हुँदा सेवाग्राहीलाई पनि निःशुल्क सेवा उपलब्ध गराइने व्यवस्था यथावत् रहने जनाइएको छ।

यसैगरी आर्थिक अवस्था कमजोर रहेका अति विपन्न, विपन्न तथा कमजोर वर्गका सेवाग्राहीहरूलाई अस्पतालको सामाजिक सेवा इकाइको सिफारिसमा निःशुल्क सेवा प्रदान गर्दिंदै आएको अस्पतालले जनाएको छ। आर्थिक अभावकै कारण कोही पनि सेवाबाट वञ्चित नहुने व्यवस्था गरिएको डा. गिरीले बताए ।

रेबिज भ्याक्सिन नियमित रूपमा निःशुल्क उपलब्ध गराइदिनुहुन गाउँपालिका, जिल्ला, प्रदेश तथा ई.डी.सि.डी. काठमाडौंमा माग पठाइसकिएको र पठाइराखिएको अस्पतालले जनाएको छ। अस्पतालको दीर्घकालीन लक्ष्य रेबिज भ्याक्सिनको नियमित र दिगो आपूर्ति सुनिश्चित गर्नु रहेको बताइएको छ । चालु आवको पौष महिनामा मात्र ११ जना सेवाग्राहीहरूले रेबिज भ्याक्सिन सेवा लिइसकेको अस्पताल जनाएको छ। अस्पतालले कुनै संघ, संस्था, व्यक्ति, महानुभाव वा सहयोगीदाताहरु रेबिज भ्याक्सिन निःशुल्क उपलब्ध गराउन इच्छुक भएमा अस्पतालसँग सम्पर्क गरी सहयोग गरिदिन समेत अनुरोध गरेको छ ।


## निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा ।

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं ।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं ।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरूलाई पनि जानकारी गराऔं
- महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरूलाई पनि जानकारी गराऔं
- आचारसंहिता उल्लङ्घन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं ।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं ।

**निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


bhanjyangnews.com

facebook twitter



**Yadab Devkota**
x.com/gaunkomanchhey

जतिसुकै गलत भएपनि रबि समस्यामा परेका, दमित र निचोरिएका मानिसहरूको आवाज उठाएर आएको व्यक्ति हो टेलिभिजबाट । असजिलोमा परेका मानिसमाथि देखावटी नै सही करूणा, मदत र सहायता जुटाउने प्रयास गरेको ब्यक्ति हो।
बालेन निचोरिएका, दमित मानिसहरूमाथि निर्ममतापूर्वक लाठो बजारेर आएको ब्यक्ति हो। असजिलोमा परेका किनाराकृत मानिसहरूलाई झन् अभरमा पारेर, बेदखल गरेर, क्रुरताको लाठो बजारेर आएको ब्यक्ति हो।
यो दुइ प्रवृत्तिको मिलन कुन विचारको आधारमा भएको हो ? के रविको हिजोको करूणा नाटक थियो? देखावटी थियो? केबल पपुलारिटी प्राप्त गर्ने भर्याङ थियो ? कि यो बेमेल वर्ग पक्षधरको मिलन फगत सत्ता स्वार्थको लागि मात्रै हो ?
होइन भने– चितुवा र हरिण एउटै गुफामा कुन स्वार्थले ओत लागेका हुन् ?



**Narayan Amrit**
x.com/amritna

लोकतन्त्रमा 'विद्रोह'को अहम् अर्थ हुन्छ । हुनु पनि पर्छ। गगन–विश्वले विशेष महाधिवेशन आयोजकलाई पार्टी महामन्त्रीका रूपमा साथ दिएर त्यसको स्वामित्व लिएका हुन् । एकातिर देउवा र अर्कोतिर विशेष महाधिवेशन थिए । त्यसमा उनीहरूले विशेष महाधिवेशन रोजे। हलले नयाँ नेतृत्व बनायो, कमाण्ड गगन–विश्वलाई दिइयो। गगन–विश्वका लागि आगामी दिनहरू त्यति सहज छैनन्। यो विषय पक्कै पनि कानुनी विषय बन्छ । तर राजनीतिक रूपमा गगन–विश्वसामु जुन जिम्मेवारी आइपरेको छ– त्यसको आत्मामा भदौ २३ मा गुमेका हाम्रा सन्ततीको स्पन्दन छ । गगन–विश्वको यो अभ्यास सुशासनको जुन सपना छ त्यो पुरा गर्ने बाटोतिर लाग्यो भने बल्ल यसले एउटा सार्थकता समात्नेछ । शुभकामना ।

# देवघाटको मणिमुकुन्देश्वर नक्षत्र वाटिका उपेक्षामा

**भञ्ज्याङ समाचारदाता/दमौली**

देवघाट क्षेत्र विकास समितिको स्वामित्वमा रहेको मणिमुकुन्देश्वर चक्रवर्ती आश्रम धार्मिक वनभित्र निर्माण गरिएको नक्षेत्र वाटिका हाल संरक्षण अभावका कारण अत्यन्तै नाजुक अवस्थामा पुगेको छ। धार्मिक, सांस्कृतिक तथा वातावरणीय दृष्टिले महत्त्वपूर्ण मानिने यो वाटिका उचित व्यवस्थापन नहुँदा दिनानुदिन उजाड बन्दै गएको हो ।

शम्भु तपो धार्मिक वनअन्तर्गत करिब साढे दुई रोपनी क्षेत्रफलमा निर्माण गरिएको नक्षेत्र वाटिकामा प्रारम्भिक चरणमा धार्मिक महत्व बोकेका तथा औषधीय गुण भएका विभिन्न प्रजातिका बोटबिरूवा रोपिएका थिए । तुलसी, श्रीखण्ड, बेल, बरपिपल, पारिजात, अमला, हर्रोबर्रो, आँप, डुम्री, टुनी, सिसौ, टाकीलगायत बोटबिरूवाले वाटिकालाई धार्मिक तीर्थस्थलको गरिमा झल्काउने उद्देश्य राखिएको थियो ।




तर समयसँगै उचित संरक्षण, नियमित स्याहारसम्भार र व्यवस्थापन नहुँदा वाटिकाको अवस्था दयनीय बन्दै गएको छ । हाल धेरै बिरूवा सुकिसकेका छन्भने बाँकी जीवित रहेका बोटबिरूवा झाडी र काँडाले घेरेका छन् । बोटबिरूवाको संरक्षणका लागि निर्माण गरिएको बारघेर जीर्ण अवस्थामा पुगेको छ, जसका कारण चौपायाको प्रवेश तथा अन्य क्षतिको जोखिम बढेको स्थानीय बताउँछन् ।

स्थानीयवासीका अनुसार वाटिका निर्माणको सुरूआती चरणमा आकर्षक, चिटिक्क र व्यवस्थित देखिन्थ्यो। तर निर्माणकार्य सम्पन्न गरी समुदायलाई हस्तान्तरण गरेपछि संरक्षण र रेखदेखमा निरन्तरता नदिंदा समस्या उत्पन्न भएको हो । मल, पानी, जाल, नियमित गोडमेल तथा आवश्यक स्याहार नपाउँदा वाटिका पूरै उजाड बन्ने अवस्थामा पुगेको छ।

डिभिजन वन कार्यालयका वन अधिकृत राजकुमार श्रेष्ठले वाटिका निर्माणपछि संरक्षणमा कमजोरी हुनु साझा समस्या रहेको बताए । उनका अनुसार निर्माण सम्पन्न भएपछि दीर्घकालीन संरक्षण र व्यवस्थापनको स्पष्ट जिम्मेवारी तोक्न नसक्दा यस्तो अवस्था आएको हो । समुदाय, आश्रम र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको उहाँको भनाइ छ । वन अधिकृत श्रेष्ठका अनुसार हाल सम्बन्धित समितिले वाटिकाको संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक कार्ययोजना स्वीकृतिका लागि पेस गरिएको छ । चालु आर्थिक वर्षमा कार्यक्रम तथा बजेट स्वीकृत भए डिभिजन वन कार्यालयबाट प्राविधिक तथा आवश्यक सहयोग उपलब्ध गराइने उनले बताए ।

मुख्यतः मणिमुकुन्देश्वर चक्रवर्ती आश्रम धार्मिक वन र सम्बन्धित समितिमाथि वाटिकाको संरक्षण, रेखदेख र दीर्घकालीन व्यवस्थापनको जिम्मेवारी रहेको उल्लेख गर्दै उहाँले स्थानीय समुदायको सक्रिय सहभागिताबिना संरक्षण सम्भव नहुने धारणा राख्नुभयो । धार्मिक आस्थासँगै जैविक विविधता संरक्षण र हरियाली प्रवर्द्धनका दृष्टिले महत्त्वपूर्ण मानिएको मणिमुकुन्देश्वर नक्षेत्र वाटिकालाई जोगाउन तत्काल पहल आवश्यक देखिएको छ । स्थानीयवासी तथा सरोकारवालाले बजेट सुनिश्चितता, जिम्मेवारी स्पष्टता र नियमित अनुगमनको व्यवस्था गरी वाटिकालाई पुनः जीवन्त बनाइदिन सम्बन्धित निकायसँग आग्रह गरेका छन् ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४